नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

प्रेश विज्ञप्ति

आज मिति २०७४/०३/२२ गते अधिकार सम्पन्न संघीय प्रशासनिक पुनःसंरचना समिति, कार्यसहजीकरण समितिको बैठक मा. काशीराज दाहाल ज्यूको प्रमुख आतिथ्यमा, सहजिकरण समितिका विज्ञ सदस्य, नेपाल सरकारका विषयगत मन्त्रालयहरुका सचिवहरूको उपस्थितीमा सामान्य प्रशासन मन्त्रालयका सचिव तथा अधिकार सम्पन्न संघीय प्रशासनिक पुनःसंरचना समितिका सदस्य सचिव श्री मोहनकृष्ण सापकोटाज्यूको अध्यक्षतामा वस्यो । सो बैठकमा नेपाल सरकारबाट स्थानीय तहमा सेवा प्रवाहको तत्काल व्यवस्था गर्न कर्मचारी खटाउने र प्राविधिक कर्मचारी खटाउने सम्बन्धमा नेपाल सरकारका मुख्य सचिव ज्यूको अध्यक्षतामा सम्बन्धित विषयगत मन्त्रालयका सचिव ज्यूहरु समेतको उपस्थितीको वैठकबाट विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयन यथाशिघ्र गर्ने/गराउने निर्णय भयो ।नेपाल सरकारबाट स्थानीय तहमा सेवा प्रवाहको तत्काल व्यवस्था गर्न नपुग भएका लेखा समूहका कर्मचारी तत्काल खटाउनका लागि महालेखा नियन्त्रकको कार्यालयलाई अनुरोध गर्ने निर्णय भयो ।साथै बैठकले नेपाल सरकारबाट स्थानीय तहमा सेवा प्रवाहको व्यवस्था गर्न कर्मचारी खटाउने सम्बन्धमा भएका निर्णयहरु कार्यान्वयन सम्बन्धमा आपसमा सूचना प्रवाह गर्ने र यस सम्बन्धमा थप कार्यहरूको लागि सरोकारवाला निकायहरुसँग संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको पहलमा अर्न्तक्रिया समेत गर्ने निर्णय भयो । स्थानीय तहमा सेवा प्रवाहको तत्काल व्यवस्था गर्न कर्मचारी खटाउने र यस सम्बन्धमा जरुरी विषयमा सामान्य प्रशासन मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र सम्बन्धित विषयगत मन्त्रालयहरुको समन्वयमा आवश्यक व्यवस्था गर्ने निर्णय भयो।बैठकमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, वन तथा भूसंरक्षण मन्त्रालय, पशुपंक्षी विकास मन्त्रालय, कृषि विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, सिंचाई मन्त्रालय, खानेपानी तथा सरसफाई मन्त्रालय, उर्जा मन्त्रालय, जल तथा उर्जा आयोग, शिक्षा मन्त्रालयका सचिव ज्यूहरु एवं प्रतिनिधिहरुको उपस्थिति थियो ।

मितिः २०७४ असार २२ गते ।

"सेवामैत्री प्रशासनः संघीयतामा सुशासन"
सिंहदरबार, काठमाण्डौं, फोनः ४२००३६७,४२००३६८, ४२००३६९फ्याक्सः ४२००२३८
इमेलःinfo@moga.gov.npवेवःwww.moga.gov.np..